जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २३७ पृष्ठः ४ | २०८२ पुस २८ सोमबार (Monday 12 Jan. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## समाचारको प्रभाव : लालपुर्जाको नाममा असुलेको रकम वडा अध्यक्षले गरे फिर्ता, बदमासी गर्नेलाई कानुनी दायरामा ल्याउन माँग



सिरहा, २६ पुस। भूमिहिन सुकुम्बासीलाई लालपुर्जा दिने भनि अवैधानिक रुपमा असुलगरेको रकम अवडा अध्यक्षले फिर्ता गरेका छन्। जिल्लाको कर्जन्हा नगरपालिका १ सुकुम्वासीसँग रकम असुलेको समाचार विभिन्न सञ्चारमाध्यममा आएपछि वडा अध्यक्ष फणिन्द्र प्रसाद पोखरेलले फिर्ता गरेका हुन्। भूमि व्यवस्था आयोगका अध्यक्ष रामअधिन यादबदेखि स्थानीय जनप्रतिनिधिसम्मको मिलेमतोमा स्थानीय २२ जना सुकुम्बासीबाट २७ लाख रुपैयाँ असुली गरेको थियो।

उक्त विषयको समाचार विभिन्न सञ्चारमाध्यममा प्रशारण/प्रकाशन भएपछि वडा अध्यक्ष पोखरेलले अर्जुन बुढाथोकी, दिलबहादुर थापा मगर, भोजबहादुर श्रेष्ठ, टेकबहादुर श्रेष्ठ, बबिता श्रेष्ठ, यज्ञबहादुर कटुवाल, सुनिता खत्री र अर्चना भट्टका ९ लाख ९ हजार रकम फिर्ता गरेको जनाएको छ। बाँकी पीडितहरुको रकमा पनि चाँडै फिर्ता गर्ने आश्वासन प्राप्त भएको पीडितहरुले बताए। स्थानीय भूमिहिन सुकुम्वासीहरुले लालपुर्जा पाउने आशामा प्रति कट्ठा २० हजारका दरले तिर्नुपर्ने रकम ऋण–सापटी गरेर बुझाए थिए। अढाइ वर्ष अघि रकम बुझाएपनि जमिनको लापुर्जा नपाएपछि रकम फिर्ता माग्दा पनि नपाएको पीडितहरुले बताएका थिए।

यता जिल्ला प्रशासन कार्यालय सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले संचार माध्यमबाट लालपुर्जाको नाम्मा रकम असुलेको विषय थाहपाएपछी जिल्ला प्रशासन कार्यालयको गम्भीर ध्यानाकर्षण भएको बताए। कार्यालयले कर्जन्हा नगरपालिका घटनाबारे तथ्यगत विवरण उपलब्ध गराउनका लागि पत्रचार गरिएको बताए। उनले भने, 'हामिले यथासिघ्र जवाफ पठाउन पत्र काटेका छौं, अहिले सम्म त्यो पत्रको जवाफ आइसक्केको छैन, पीडित पक्षबाट उजुरी परेमा वा अनुसन्धानका क्रममा दोषी देखिएमा कानुनअनुसार कार्बाही हुन्छ।'

तर स्थानीय अगुवा तथा बुद्धिजीवीहरूले भने राज्यले पीडितको उजुरी पर्खेर बस्नु नहुने

**–बाँकी तीन पेजमा**

## गाउँ–गाउँमा पुगेर नागरिकको दृष्टि फर्काइरहेछ स्थानीय सरकार



**विनय आजाद**

सिरहा, २७ पुस। कठ्यांग्रिँदो जाडो। शनिबारको दिन। असहज महसुस हुने मौसम र बिदाको दिन भएका कारण पनि लहान नगरपालिका–२२ जहदीमा मानिसहरूको खासै चहलपहल थिएन। तर, बिहानको ९ बज्दै गर्दा गाउँकै बाटो हुँदै सामुदायिक विद्यालयमा एउटा सेतो बस पस्यो। सेतो बस आएको केही समयमै विद्यालय परिसरमा स्थानीय सर्वसाधारणको भीड लग्यो। यो बस थियो– सगरमाथा चौधरी आँखा अस्पताल, लहानको। आँखामा समस्या भएर जाडोको पर्वाहै नगरी स्वस्फूर्त रूपमा स्थानीयहरू यहाँ चेकजाँच गराउन आइपुगेका हुन्।

यस विद्यालयमा गत शनिबार निःशुल्क आँखा जाँच शिविर आयोजना गरिएको थियो, जहाँ सयौं स्थानीय सर्वसाधारणले आफ्ना आँखा जँचाए। लहान नगरपालिकामा २४ वडा छन्। यो नगरपालिकाका सबै वडामा विगत तीन वर्षदेखि यसैगरी आँखा शिविर चलिरहेको छ। नगरपालिकाले सगरमाथा चौधरी आँखा अस्पतालसँग

**–बाँकी तीन पेजमा**

**समावेशी समाजको प्रवर्द्धनः सामाजिक उन्नतिको संवर्द्धन**

- सबैको समान अधिकार सुनिश्चित गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र सेवासुविधामा पहुँच बढाऔं।
- भौतिक संरचना, यातायात र सार्वजनिक स्थानहरू अपाङ्गतामैत्री बनाऔं।
- सूचना र प्रविधि सबैका लागि पहुँचयोग्य बनाऔं।
- समाजमा विद्यमान विभेद अन्त्य गर्न सचेतना अभिवृद्धि गरौं।
- अवसर र क्षमताका आधारमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरौं।
- सुरक्षा, सम्मान र आत्मविश्वास बढाउने कार्यक्रम सञ्चालन गरौं।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिऔं।
- परिवार, समुदाय र सहकार्यमार्फत समावेशी समाज निर्माण गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## हात्ती आक्रमणबाट पीडितलाई राहत वितरण



**जीवछ यादव**

लहान, २७ पुस। लहान नगरपालिकाको उत्तरी भृगमा चुरे पर्वतको छेउमा पर्ने वडा १६ आरी दमारका हात्ती आक्रमण पीडितलाई लहान नगरपालिकाले राहत दिएको छ। पुस १७ गते उदयपुरको आमचौर क्षेत्रबाट राती नौ बजेको समयमा आएको हात्तीले पहिलो दिन ६ घर परिवारमा र दोस्रो दिन थप चार परिवार गरी दस घर परिवारमा चार वटा हात्तीले तोडफोड गरेका थिए। घरमा भएका मकै चामल र खेत बारीमा लगाएका आलु तोरी केरा क्षति गरेका थिए।

हात्तीको आक्रमणबाट बहादुर थापा मगर, भक्त बहादुर मर्स्याङग्री मगर, भोपालबहादुर मगर, रामबहादुर मगर, जलबहादुर मगर, दुर्गाबहादुर थापा मगर, लालबहादुर थापा सहबहादुर बल्मफकी र रमित बलम्फकी मगरको घरमा क्षति भएको थियो।

पीडित भएका दसै जनालाई लहान नगरपालिकाले प्रति परिवार पचास किलो चामल र दस हजार नगद राहत दिएको हो। राहत वितरण गर्दै लहान नगरपालिका प्रमुखले हात्ती आक्रमणबाट पीडित भएका परिवारसहित लहान नगरपालिकाको विकट गाउँ मानिएको आरी दमार, बरदमार र भसुवाका विपन्न परिवारहरूलाई समेत शीतलहरबाट जोगिन हात्ती आक्रमण पीडित दस परिवारसहित चालिस जनालाई फाइबर सिरक वितरण दिइको लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले बताउनुभयो। उहाँले थप्नु भयो,"दुई छोरा मध्ये जेठो छोरा मलेसियामा मृत्यु भएको र कान्छो छोरा क्यान्सर रोग लागेर मृत्यु भएको राम विश्वकर्माको घरमै पुगेर एक क्विन्टल चामल, पच्चिस हजार नगद सहयोग र फाइबर सिरक राहत दिएका छौं।"

राहत वितरण गर्न गएका नगर प्रमुख चौधरीलाई ८० वर्षको वृद्धवृद्धा अपाङ्ग र ११ दिनको काखे शिशुलाई लिएर तीन दिनसम्म नजिकै रहेको डाँडामा रात बिताउनु परेको पीडा स्थानीयहरूले सुनाउनु भयो। लहान नगरपालिकाले शीतलहरको कहरबाट विपन्न परिवारहरूलाई जोगाउन आठ सय

**–बाँकी तीन पेजमा**



**GUPTA BROTHER'S AUTO TRADE** Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## पृथ्वीनारायण शाहको सम्मान गरौँ

विश्वका पुराना राज्यहरूमध्येको एक भए पनि पृथ्वीनारायण शाहले एकीकरण नगरेका भए सम्भवतः अहिले स्वतन्त्र सार्वभौम राष्ट्रका रूपमा नेपालको अस्तित्व रहने थिएन। तर पृथ्वीनारायणको विजय यात्राकै कारणमात्र अहिलेको नेपाल आधुनिक राष्ट्र बनेको हो भन्नु भने अतिशयोक्ति हुन्छ। भौगोलिक एकीकरणपछि पनि राष्ट्रलाई व्यक्ति वा कुल विशेषको सम्पत्ति ठान्ने सोचले नेपाल 'प्रशासनिक एकाइ'मा सीमित थियो। भाषिक, सांस्कृतिक, धार्मिक तथा भौगोलिक बहुलतालाई पहिले उपेक्षा र पछि अस्वीकार गरिँदा नेपाललाई सबै नेपालीले आफ्नो ठान्न सकेका थिएनन्।
पृथ्वीनारायण शाहका वंशजले मुलुकलाई पुर्खाको आर्जनका रूपमा मात्र हेरे। मध्ययुगीन समाजमा त्यस्तो ठानिनु अस्वाभाविक पनि थिएन। राज दरबारभित्रको खेलखालका कारण शासन बाहुबलीको कब्जामा पर्न थाल्यो। भीमसेन थापा हुन् वा जंगबहादुर कुँवर सबैले शाह राजाहरूकै आडमा आफ्नो शासन चलाए। जंगबहादुरले कोतपर्वमा रगतको खोलो बगाएर स्थापना गरेको राणा वंशको जहानियाँ शासन १०३ वर्षसम्म चल्यो। संसारका अरू धेरै मुलुकमा यही बेला लोकतान्त्रिक शासन पद्धतिका साथै औद्योगिक विकास सुरु भएको थियो। नेपाललाई भने आधुनिकीकरणको हावा पनि लाग्न नदिएर फलामे पर्खालभित्र राखियो।

पृथ्वीनारायणका सन्तानलाई राणाहरूले राजगद्दीमा थपना गरिराखे। यस्तै अवस्थामा नेपालमा पनि नागरिक अधिकारको माग झिनो आवाजमा हुन थाल्यो। नेपाल प्रजा परिषद् नामको राजनीतिक दल खोलेर देशमा संवैधानिक शासन स्थापनाको प्रयास गर्नेहरूलाई राणाहरूले गाथगादी ताक्नु ठहर गरी मृत्युदण्डलगायत कठोर सजायँ दिए। शुक्रराज शास्त्रीलगायतलाई मृत्युदण्ड दिइएको १० वर्ष पुग्दानपुग्दै राणा शासनको पतन भयो। नेपाली कांग्रेसले २००७ सात सालमा राणा शासनविरुद्ध सशस्त्र जनक्रान्ति गऱ्यो। यही क्रान्तिमा हो नेपालका मेचीदेखि महाकालीसम्मका सबै जात, धर्म, भाषा, वर्ग भूगोलका नेपालीहरू एक भएर होमिएको। अर्थात्, नेपाली राष्ट्रियताले आकार पाएको अनि पृथ्वीनारायण शाहले गरेको भौगोलिक एकीकरण सही अर्चमा चरितार्थ भएको।

चारभञ्ज्याङ काटेर जानआउन नेपालीहरूलाई नै राहदानी चाहिने युगबाट संसार सामु नेपाल खुला भएको थियो २००७ को जनक्रान्तिपछि। राजा महेन्द्रले प्रत्यक्ष शासनको लोभले २०१७ पछिको तीन दशकमा नेपालले प्रगतिको अर्को मौका गुमायो। यस्तै ज्ञानेन्द्र शाहको महत्त्वाकांक्षाका कारण देशले प्रगतिको अर्को मौका गुमायो। राजतन्त्रको अन्त्यसँगै नेपाली जनताको बहुलता र विविधताले ससम्मान आधिकारिक स्वीकृति पाए। नेपाल बल्ल साँचो अर्थमा 'चार जात छत्तीस वर्णको फूलबारी' भयो। नत्र त सीमित जाति र त्यसमा विशेष थरका भारदारहरूबाहेक अरू नेपालीले राज्यलाई आफ्नो ठान्नै पाएका थिएनन्।

पक्कै पनि हामीलाई नेपाली पहिचान दिनमा पृथ्वीनारायण शाहको महत्त्वपूर्ण र सर्वाधिक योगदान छ। नेपाली हुनमा गर्व गर्नेले पृथ्वीनारायणको योगदानको सम्मान गर्नै पर्छ। यस्तै, २००७ सालको जनक्रान्ति र २०६२/६३ को आन्दोलनले नेपालको थप एकीकरण गरेको भन्ने पनि बिर्सन मिल्दैन।

# कांग्रेसमा शक्तिको होइन विचारको संघर्ष चलेको छ : गगन थापा

काठमाण्डौ, २७ पुस। नेपाली कांग्रेसका महामन्त्री गगन थापाले कांग्रेसमा बाहिर देखिएजस्तो झगडा नभएको बरु त्यो विचारको संघर्ष रहेको बताएको छ। पार्टीको विशेष महाधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै महामन्त्री थापाले कतिपयलाई अहिले कांग्रेसमा झगडा वा शक्तिको संघर्ष चलिरहेको जस्तो लागे पनि यो शक्तिको संघर्ष नभइ विचारको संघर्ष रहेको दाबी गरे।

थापाले उनले भदौ २३ र २४ गतेको आन्दोलनमा नवयुवाहरूको नभइ देशभरका लाखौँ लाख नागरिकको आक्रोश सडकमा अभिव्यक्त भएको पनि बताए। उनले भने, 'राजाको छोरा राजा हुने राजतन्त्र फालेर हामीले ल्याएको गणतन्त्रमा नेपो–बेबीहरूको राज देखेर उनीहरू रिसाएका हुन्। र आमनागरिकको त्यो रिस जेनजी आन्दोलनका क्रममा सडकमा पोखिएको हो।' विशेष महाधिवेशनमा पार्टी सभापति शेरबहादुर देउवा र कार्यवाहक सभापति पूर्णबहादुर खड्का पनि सहभागी होऊन् भन्ने आफूहरूले चाहेको महामन्त्री थापाले उल्लेख गरे।

# कांग्रेस विशेष महाधिवेशनले निम्त्याएका चुनौती एवं अवसरहरू





शिरीषवल्लभ प्रधान

अहिले देशको सबैभन्दा ठुलो र लामो इतिहास बोकेको प्रजातान्त्रिक पार्टी नेपाली कांग्रेसको विशेष महाधिवेशन विवाद र अन्तर्द्वन्द्वबिच काठमाडौंमा सम्पन्न हुन गइरहेछ। महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको सक्रियतामा हुँदै गरेको यो विशेष अधिवेशनले पार्टी टुक्रिन्छ वा पार्टी समाप्त हुन्छ भन्ने धेरैलाई लागेको थियो। तर अधिवेशनको उद्घाटनको दिन आउँदासम्म यसले पार्टीलाई अझ मजबुत, सशक्त, समयसापेक्ष, परिमार्जित र ऊर्जाशील बनाउने बलिया आधारहरू देखापरेका छन्।

वास्तवमा जेनजी युवाहरूको मागलाई सम्बोधन गर्न र उनीहरूका अपेक्षा तथा आकांक्षालाई समेट्न फागुन २१ को आमनिर्वाचनमा जानुअघि नै पार्टीलाई एउटा नयाँ दिशानिर्देश गर्नु र परिमार्जित गर्दै लैजानु जरुरी थियो। संस्थापन पक्षमा रहेका पार्टी सभापति, कार्यवाहक सभापति लगायत कतिपय वरिष्ठ नेताहरूले नचाहँदा, नचाहँदै पनि बहुसंख्यक महाधिवेशन प्रतिनिधिहरूको माग र क्रियाशीलताका कारण विशेष अधिवेशन आखिर भएरै छोड्यो।

वास्तवमा भदौ २३, २४ को जेनजी आन्दोलन विद्रोहपछि सिंगै देश दुई ुवमा विभाजित भएको अवस्था थियो। यसअघि देशको सामाजिक, राजनीतिक क्षेत्रका समस्या तथा मुद्दाहरूमा खासै चासो नदेखाउने गरेका नेपाली नवयुवाहरूले यसपालि भ्रष्टाचार, सामाजिक बेथिति, नातावाद एवं विद्यमान राजनीतिक अन्योलका विरोधमा आवाज बुलन्द मात्र गरेनन्, किन्तु आफ्नो अमूल्य जीवनको समेत आहुति दिए। उनीहरूले देशमा व्याप्त भ्रष्टाचार तथा सामाजिक सञ्जालहरू बन्द गर्ने सरकारी कदमको विरोधमा उठाएको आवाज क्षणिक आवेश जस्तो देखिए तापनि त्यो सामाजिक बेथिति, अपारदर्शिता तथा राजनीतिक उदासीनताका विरोधमा अनि सुशासन, पारदर्शिता र सामाजिक परिवर्तनका पक्षमा लामो समयदेखि उनीहरूका मन, मस्तिष्कमा भित्रभित्रै बल्दै गरेको विद्रोहको ज्वालाको विस्फोट थियो।

देशमा प्रजातन्त्र स्थापना भयो, लोकतन्त्र आयो, अनि गणतन्त्र पनि आयो तर सामान्य जनताको जीवनस्तरमा अपेक्षाकृत सुधार आउन सकेको थिएन। युवाहरू दिनहुँ हजारौंको संख्यामा विदेशमा रोजगारीका निम्ति अनेक खतरा मोलेर जान बाध्य थिए। एकातिर गरिबी, बेरोजगारी र बेथितिको भयावह अवस्था थियो भने अर्कोतर्फ केही नेता तथा प्रभावशाली व्यक्तिहरूले भ्रष्टाचार र अनियमितता गरी प्रशस्त रूपमा आर्जन गरेका धनसम्पत्तिमा उनीहरूका सन्तानहरूले ऐय्यासी र विलासिताको जीवन बिताइरहेका थिए। यसप्रकारको विसंगति र विरोधाभासपूर्ण स्थितिका विरुद्ध चेतनशील युवाहरूले सामाजिक सञ्जालमार्फत नेपो किड्स वा नेपो बेबीका आन्दोलन पनि चलाइरहेका थिए केही समयदेखि। तर सरकारले उनीहरूले उजागर गरेका समस्यालाई सम्बोधन गर्नुका साटो सामाजिक सञ्जालमा प्रतिबन्ध लगाई आवाज नै दबाउने कुचेष्टा गरेको कारण पनि यसरी अचानक विस्फोटक स्थिति बनेको हो।

नेपाली कांग्रेसमा हप्तौंदेखि एउटा बहस चलिरहेछ, पार्टी नेतृत्व नयाँ पुस्तालाई हस्तान्तरण गरेर चुनावमा जाने कि पुरानै पुस्ताको नेतृत्वमा चुनाव लड्ने, जेनजी आन्दोलनका माग तथा आकांक्षालाई सम्बोधन गर्दै पार्टीलाई नयाँ ढंगले सञ्चालन गर्ने कि पुरानै शैली र परम्परागत पद्धतिलाई कायमै राखेर चुनाव लड्ने भन्ने। वास्तवमा यो विशेष महाधिवेशन पक्षधरहरूले कांग्रेसले पार्टीमा आमूल परिवर्तनको आवश्यकतालाई आत्मसात् गर्दै अगाडि बढ्नुपर्छ भन्ने सन्देश दिएको मान्नुपर्छ। विगतका भ्रष्ट तथा गन्हाएका अनुहारलाई लिएर चुनावमा जान सकिन्न भन्ने ठुलो जमात जुन कांग्रेसमा छ, जसको दबाबबाट नै विशेष महाधिवेशन सम्पन्न हुने परिस्थितिको निर्माण हुन सकेको हो।

वर्तमान अवस्थामा नेकपा एमाले लगायतका अन्य वामपन्थी पार्टीभन्दा आफूलाई भिन्न र प्रजातान्त्रिक संस्कारले युक्त पार्टीका रूपमा देखाउने कि तिनीहरूकै पदचाप पछ्याएर अघि बढ्ने भन्ने दुई विकल्प कांग्रेस पार्टीसामु हाल देखापरेको छ। कांग्रेस विगतमा संसदीय अंकगणितको हिसाब गरेर येनकेन प्रकारेण अप्राकृतिक गठबन्धन गरेर सत्ताको नजिक त पुग्न सक्यो तर जनताको हृदयमा बस्न सकेन। एमालेसँग गठबन्धन गरेको फलस्वरुप कांग्रेसले जेनजी विद्रोहको समयमा आफ्नो हात कलिला विद्यार्थीहरूको रगतले लत्पतिएको पाउँदा पनि कतिपय कांग्रेसी नेताहरूमा अझै पनि चेतना पलाएको देखिएन। तर वर्तमान समय र परिस्थितिको उचित मूल्यांकन गर्ने अधिकांश कांग्रेसीजनहरूमा आगामी चुनावमा कुनै अन्य दलसँग गठबन्धन गरेर जानुहुँदैन आफ्नै बलबुतामा चुनाव लड्नुपर्छ भन्ने धारणा प्रबल रूपमा देखा परेको छ, जसको कारण पनि यो विशेष महाधिवेशनको पक्षमा माहोल बनेको हुनुपर्छ।

यथास्थितिमा चुनाव जानु कांग्रेसको निम्ति आत्मघाती सिद्ध हुने कुरा घाम जस्तै छर्लङ्ग भइसकेको छ। हतारमा यथास्थितिको अवस्थामा चुनावमा गएको खण्डमा कांग्रेसको निम्ति पछि फुर्सदमा पछुतो गर्नुपर्ने स्थिति नआउला भन्न सकिन्न।

जेनजी आन्दोलनले कांग्रेसका सामु चुनौती र समस्याहरू मात्र खडा गरेको छ भनी ठान्नु वास्तवमा पराजित मानसिकता, निराशावादी दृष्टिकोण वा नकारात्मक सोचको उपजभन्दा अरू केही हुन सक्दैन। यो नयाँ परिस्थितिले कांग्रेसका निम्ति चुनौतीका साथै नयाँ अवसर र आशाका किरणहरू पनि उजागर गरेको छ। कुनै पनि राजनीतिक पार्टीको सफलता त्यसले समस्या तथा चुनौतीहरूलाई कसरी विश्लेषण गर्छ, त्यसबाट पार पाउन के कस्ता कार्यक्रम तथा रणनीतिहरू अख्तियार गर्छ भन्ने कुरामा निर्भर गर्दछ। यदि समस्याबाट पर भाग्ने हो र यथास्थितिमा नै रमाइरहने हो भने वर्तमान अन्योल र अनिश्चितताको स्थितिबाट पार पाउन असम्भव हुन्छ।

जनताले वर्तमान परिस्थितिमा पुराना तथा नयाँ उदीयमान शक्तिहरूका क्रियाकलापहरूलाई बडो सूक्ष्म रूपले एवं अत्यन्त चासोका साथ अवलोकन गरिरहेका छन्। यदि हालैका दिनहरूमा नयाँ राजनीतिक शक्तिहरूप्रति जनताको आकर्षण बढेको छ भने त्यो परम्परागत शक्तिहरूको दिवालियापन, यथास्थितिवादी छवि र भ्रष्ट एवं गैरजिम्मेवार आचरण र गतिविधिका कारण नै हो। नयाँ उदाउँदा शक्तिहरू पनि दूधले धोएको वा शतप्रतिशत स्वच्छ र त्यति भरपर्न लायकका भइसकेका छैनन्। उनीहरूमा योग्यता, जोश, जाँगर तथा केही नयाँपन भए तापनि अनुभवको कमी हुनुका साथै उनीहरू दक्षताको हिसाबले त्यति खारिएका छैनन्।

अबको समयमा नेपाली कांग्रेस जस्तो लामो इतिहास बोकेको प्रजातान्त्रिक पार्टीले आफ्नो छवि सुधार्न कुनै कसर बाँकी राख्नुहुँदैन। आउँदो निर्वाचनमा नयाँ, युवा, योग्य, दक्ष एवं स्वच्छ छवि भएका उम्मेदवारहरू दिन सकेको खण्डमा सो पार्टीले अन्य परम्परागत पार्टीका तुलनामा राम्रो नतिजा ल्याउन कठिन छैन। प्रजातान्त्रिक पार्टी केवल नामले मात्र प्रजातान्त्रिक भएर पुग्दैन, चरित्र र व्यवहार पनि प्रजातान्त्रिक हुनु जरुरी छ। यस विशेष अधिवेशनले पार्टीको प्रजातान्त्रिक छविमा सुधार ल्याउन अवश्य पनि मद्दत पुग्ने देखिन्छ।

यस अधिवेशनलाई पार्टीबाट विगतको संयुक्त सरकारमा रहँदाको अवस्थामा के कस्ता कमी, कमजोरीहरू भए, पार्टीको नेतृत्व तहबाट के कस्ता त्रुटिहरू भए र सरकारमा सहभागी भएका व्यक्तिहरूबाट जनअपेक्षा बमोजिम कामहरू किन हुन सकेन भन्ने

**–बाँकी तीन पेजमा**

## कांग्रेस विशेष ...

कुराको राम्ररी विश्लेषण, समीक्षाका साथै आत्मालोचना गर्ने अवसरका रूपमा उपयोग गर्न सकेको खण्डमा विशेष अधिवेशन उपलब्धिमूलक नै हुने देखिन्छ। लामो प्रजातान्त्रिक छवि भएको र प्रजातन्त्रका निम्ति गरिने विगतका हरेक आन्दोलनमा नेतृत्वकारी भूमिका निभाउँदै आएको कांग्रेस पार्टी सहभागी भएको सरकारले सामाजिक सञ्जाल बन्द गर्ने जस्ता अप्रजातान्त्रिक गतिविधि हुँदा त्यसलाई मौन सम्मति दिन के ले बाध्य बनायो भन्ने र गृहमन्त्री जस्तो जिम्मेवार पदमा हुँदा कलिला केटाकेटीहरूमाथि घातक हतियारद्वारा बल प्रयोग गर्ने कार्य कसरी हुन गयो भन्ने जस्ता प्रश्नका बारेमा पनि विशेष महाधिवेशनको मञ्चमा छलफल हुनु जरुरी छ। साथै विशेष अधिवेशनले पार्टीको नेता तथा नीतिका बारेमा पनि समयोचित छलफल गरी स्पष्ट खाका तयार पार्ने अपेक्षा राख्न सकिन्छ।

अन्त्यमा, यस्तो जटिल र संवेदनशील परिस्थितिमा पनि महाधिवेशन गराउन डटेर लागिपर्ने महामन्त्रीद्वयलाई बधाई र साधुवाद दिनैपर्ने हुन्छ। यस महाधिवेशनमा कस्ता, कस्ता मै हुँ भन्ने नेताहरू पनि किंकर्तव्यविमूढ जस्तो भई टोलाएर न यता न उताको स्थितिमा बस्न बाध्य बनेको पनि देखियो। नेताको मूल्यांकन र पहिचान यस्तै जटिल परिस्थितिको अवसरमा हुने हो। महाधिवेशनको बाढीले कतिलाई बगाउने हुन्, हुरीले कतिलाई बढार्ने हुन् र कतिलाई वैतरिणी तारिदिने हुन् त्यो आगामी दिनहरूमा स्पष्ट हुने नै छ, अस्तु। रातोपाटीबाट

## समाचारको प्रभाव ...

बताएका छन्। उनीहरुले पीढितहरु ठगिएको कुरा सामाजिक सञ्जाल र सञ्चारमाध्यममा छरपस्ट भईसक्दा पनि उजुरी कुरेर बस्नु कतै न कतै बदमासी गर्नेहरुलाई टेवा पुग्ने बताए। उनीहरुले रकम असुलीर्नेहरुलाई तत्काल कानुनी दायरामा ल्याउनु पर्ने उनीहरुले माँग गरेका छन्।

## गाउँ–गाउँमा...

सहकार्य गरी 'निःशुल्क आँखा जाँच र शल्यक्रिया अभियान' चलाउँदै आएको हो। यस अभियान अन्तर्गत नगरका विभिन्न स्थानमा निःशुल्क आँखा जाँच शिविर आयोजना गरिन्छ। आँखा चेकजाँचका क्रममा औषधिले निको हुने बिरामीलाई निःशुल्क रूपमा औषधि, चस्मा आवश्यक पर्नेलाई चस्मा दिइन्छ।

मोतिया विन्दुलगायतका आँखाका बिरामीलाई भने लहानस्थित अस्पतालमा निःशुल्क शल्यक्रिया गरिन्छ। यसरी आँखा उपचारमा लाग्ने सम्पूर्ण खर्च नगरपालिकाले नै अस्पताललाई व्यहोर्छ। यतिमात्र नभई नगरपालिकाले नै नगर बसमा निशुल्क रूपमा अस्पतालसम्म लाने–पुऱ्याउने गर्छ। नगरपालिकाले यस अभियानका लागि प्रत्येक वर्ष २५ लाख रुपैयाँ बजेट नै विनियोजन गर्ने गर्छ। यस अभियानबाट आँखाका सामान्य बिरामीदेखि दृष्टि नहुनेसम्म लाभान्वित भएका छन् नै, दश हजारसम्म खर्च हुने उपचार सित्तैमा पाएपछि खासगरी विपन्न वर्गका बिरामीहरूलाई ठूलो राहत भएको छ।

'खासगरी ग्रामीण क्षेत्रमा चेतना अभाव छ, अर्को भनेको नजिकमा आँखा उपचार गर्ने स्वास्थ्य संस्था हुँदैन, आर्थिक समस्या हुन्छ, यी कारणले आँखाको जाँच नै नगराउने प्रवृत्ति रहेको अवस्थामा यो अभियान नागरिकका लागि ठूलो सहयोग हो,' स्थानीय बिकु साहले भने, 'किनकि, आँखा मानवका लागि निकै अमूल्य चिज हो।' आँखा अस्पतालका शिविर संयोजक राजकुमार यादवका अनुसार, यो तीन वर्षमा नगरका २४ वटै वडामा गरी ४३ स्थानमा आँखा शिविर गरिएको छ। जसमा ११ हजार ४ सय ३१ जनाको आँखा जाँच भएको छ। यसमध्ये २ हजार ४ सय ४५ मा मोतियाविन्दु भेटिएको छ भने १८ सय ४० जनाको शल्यक्रिया गरिसकिएको छ। पाँच हजार ३ सय २१ जनालाई निशुल्क औषधि र पाँच सय १३ जनालाई चस्मा प्रदान गरिएको छ।

यो अभियानले आँखाप्रति सर्वसाधारणलाई संवेदनशील बनाएको र समुदायस्तरमा स्वास्थ्य सचेतना पनि बढाएको नगर प्रमुख महेशप्रसाद चौधरीले बताए। लहानलाई अब छिट्टै मोतियाविन्दुमुक्त नगर घोषणा गर्न लागिएको पनि चौधरीले बताए। 'यो अभियानबाट समाजका सबैथरि मानिस लाभान्वित भएका छन्, आँखा र स्वास्थ्यप्रति नागरिकमा चेतना वृद्धि पनि भइरहेको छ, लहान अब छिट्टै मोतियाविन्दुमुक्त नगर बन्दैछ,' उनले भने, 'हामीले जति विकास गरे पनि नागरिक नै स्वस्थ छैन भने त्यसको औचित्य हुँदैन, योअभियानबाट प्राप्त परिणामले सन्तुष्टि मिलेको छ।' समुदायस्तरमा अत्यन्तै प्रभावकारी बनिरहेको यो अभियान लहानपछि सिरहासहित सप्तरी, उदयपुरलगायतका छिमेकी जिल्लाका विभिन्न स्थानीय तहमा पनि विस्तार भइरहेको आँखा अस्पतालका अध्यक्ष रविन्द्रलाल चौधरीले बताए। तर, कतिपय स्थानीय तह भने अझै पनि यसप्रति उदासीन रहँदै आएको उनी सुनाउँछन्।

'हामीले स्थानीय तहसँग अन्तरक्रिया नै गरेर सहकार्य गर्न आग्रह गरिरहेका हुन्छौं, लहानबाट प्रेरित भएर अरू पालिकाले पनि क्रमशः यो अभियान थालेको छ, अन्य जिल्लामा पनि विस्तार हुँदैछन्,' अध्यक्ष चौधरीले भने, 'तर, कतिपय पालिका अझै पनि उदासीन छन्, स्थानीय तहहरूले स्वस्फूर्त यसलाई दायित्व ठानेर गर्नुपर्‍यो।'

## हात्ती आक्रमणबाट ...

फाइबर सिरक वितरण गरेको लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले जानकारी गराउनु भयो।

जंगली हात्ती लहान नगरपालिकाको वडा१६ आरी दमारदेखि उत्तरको बाटे लागेर धनगडीमाई नगरपालिका अम्बास क्षेत्रतर्फ लागेको डिभिजन वन कार्यालय लहानका सूचना अधिकारी राधेश्याम चौधरीले बताए। प्रत्येक आठ दस वर्षको फरका त्यस भेगमा हात्ती आक्रमण हुँदै आइरहेको छ। दस वर्ष अगाडि त्यहि बाटे भएर जंगली हात्तीले गरेको आक्रमणबाट सप्तरी, सिराहा र धनुषामा दस जनाको मृत्यु भएको थियो।

# कल्याणपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कल्याणपुर, सिरहा**
**मधेश प्रदेश, नेपाल**

## प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०९/२८ गते**

१. यस कल्याणपुर नगरपालिकाको नगर सभाबाट पारित तालिम/कार्यक्रम तथा अन्य कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि मौजुदा सूचीमा समावेश भएका उपभोक्ता समिति सम्बन्धित लक्षित वर्गका संस्था तथा अन्य संघ/संस्थाले प्रस्ताव पेश गर्नुपर्नेछ।
२. मौजुदा सूचीमा समावेश भएका उपभोक्ता समिति सम्बन्धित लक्षित वर्गका संस्था तथा अन्य संघ/संस्थाहरूले निवेदन पेश गरी तालिम/कार्यक्रमहरूको कार्यक्षेत्रशर्त र प्रस्तावको ढाँचा यस कल्याणपुर नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सक्नेछन्।
३. प्रस्तावसँगै अनिवार्य रूपमा संलग्न गर्नुपर्ने कागजातहरूः कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र, कम्पनी/संस्था दर्ता प्रमाणपत्र, अन्य आवश्यक कागजात
४. सूचनामा स्पष्ट रूपमा उल्लेख नभएका कुराहरू खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिम हुनेछन्।
५. विनियोजन बजेट सम्बन्धित कार्यक्रम/तालिमको कार्यक्षेत्रशर्त बमोजिम हुनेछन्।
६. भुक्तानीका शर्त र कर कट्टी नियमानुसार बमोजिम हुनेछन्।
७. पेश भएका प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ।

**तपसिल**

| सि.नं. | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थान | कार्यक्षेत्र, शर्त र प्रस्तावको ढाँचा प्राप्त गर्ने अन्तिम मिति र समय | प्रस्ताव दाखिला गर्ने अन्तिम मिति र स्थान | प्रस्ताव खोलिने मिति र स्थान |
|---|---|---|---|---|---|
| १ | शिक्षा तथा स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम | वडा स्तरीय वडा नं. ३ | मितिः२०८२-१०-१२, कार्यालय समय भित्र | मितिः२०८२-१०-१३, दिउँसो १२ बजे | मितिः२०८२-१०-१३, दिउँसो १ बजे |
| २ | बैदेशिक रोजगार सम्बन्धी कार्यक्रम-अन्तर्गत सडक नाटक | वडा स्तरीय वडा नं. ३ | | | |
| ३ | सरसफाई सम्बन्धी कार्यक्रम - अन्तर्गत सडक नाटक | वडा स्तरीय वडा नं. ३ | | | |
| ४ | मैनवत्ती बनाउने तालिम | वडा स्तरीय वडा नं. ४ | | | |
| ५ | अगरबत्ती बनाउने तालिम | वडा स्तरीय वडा नं. ४ | | | |
| ६ | घरेलु हिंसा न्यूनीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम-सडक नाटक | वडा स्तरीय वडा नं. ४ | | | |
| ७ | लागुऔषध सम्बन्धी सडक नाटक | वडा स्तरीय वडा नं. ४ | | | |
| ८ | सिपमूलक तालिम - सर्फ बनाउने तालीम | वडा स्तरीय वडा नं. ५ | | | |
| ९ | चुरी लहठी बनाउने तालिम | वडा स्तरीय वडा नं. १२ | | | |
| १० | विपन्न वर्गलाई सिप विकास तालिम सिलाई कटाई | नगर स्तरीय (महिला विकास शाखा अन्तर्गत) | | | |
| ११ | लोकसेवा कक्षा संचालन कार्यक्रम | नगर स्तरीय | | | |

**–प्रमुख प्रशासकीय अधिकृत**

# जनकपुरधामका ८० प्रतिशत परिवार खानेपानी पहुँच बाहिर

जनकपुरधाम, २७ पुस। जनकपुरधाम नगरभित्र माग अनुसार खानेपानी वितरण तथा आपूर्ति नहुँदा यहाँका ८० प्रतिशत परिवार खानेपानीको पहुँच बाहिर छन्। दैनिक आवश्यकताभन्दा करिब ३५ लाख लिटर कम खानेपानी आपूर्ति गर्दै आएको खानेपानी संस्थान जनकपुरधाम उपभोक्ताको मागअनुसार वितरण गर्न सकिरहेको छैन। जनकपुरधाम नगर क्षेत्रमा दैनिक दुई करोड ५० लाख लिटर पानीको माग रहे पनि संस्थानले २० प्रतिशत घरमा मात्र पाइपमार्फत खानेपानी आपूर्ति गर्दै आएको जनाएको छ।

कार्यालयका प्रमुख विष्णुदेव साहले राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार हाल जनकपुरधाममा ४० हजार ४०९ परिवारमध्ये पाँच हजारमामा खानेपानीको धारासहित मिटर जडान गरिएको छ। उनका अनुसार तीमध्ये ४० प्रतिशत घरमा आंशिक रूपमा मात्र पानी आपूर्ति हुने गरेको छ। पछिल्लो समय यहाँ परिवारको संख्या पनि बढ्दै गएको उनको भनाइ छ। वडा नं १० तथा रामानन्द चोकमा निर्मित चार लाख ५० हजार लिटर क्षमताको दुईवटा ओभरहेड ट्यांकीमा छवटा डिपबोरिङबाट संकलित भूमिगत पानीलाई प्रशोधन गरी वितरण भइरहेको प्रमुख साहले जानकारी दिए। करिब ३४ वर्ष पुरानो वितरण प्रणालीका कारण विभिन्न स्थानमा पाइप फुट्ने, चर्कने, जीर्ण संरचनालगायत समस्याले नियमित पानी वितरणमा चुनौती थपिएको उनको भनाइ छ।

सीमित बजेटका कारण ३४ वर्ष पुरानो तथा जीर्ण पाइपबाट सबै वडामा खानेपानी आपूर्ति पुऱ्याउन समस्या भएको कार्यालयका प्रमुख साहले बताए। उनका अनुसार जीर्ण पाइपका कारण नियमित रूपमा ५० प्रतिशत मात्र पानी आपूर्ति भइरहेको छ। गत आर्थिक वर्षमा कार्यालय हाताभित्र रु एक करोड ३० लाख मूल्य बराबरको लागतमा थप पाँच लाख लिटर क्षमताको ट्यांकी र रु चार करोडभन्दा बढीको लागतमा मुजेलिया प्रहरी चौकीबाट वडा नं ८ स्थित होटल सियाशरणसम्मको सडकको दायाँबायाँ आठ–आठ इन्चको पाइप बिछ्याएको थियो।

सीमित स्रोत र साधनका बाबजुद त्यहाँबाट पाँच लाख लिटर पानी भण्डारण तथा धारा जडानको काम भइरहेको कार्यालय प्रमुख साहले बताए। यसैबिच, पटकपटक विद्युत् आपूर्ति बन्द हुँदा पानी वितरणमा समस्या हुने गरेको कार्यालयका कर्मचारीले गुनासो गरेका छन्। यहाँका अधिकांश परिवारले चापाकल तथा मोटर जडान गरेर खानेपानीसहित दैनिक प्रयोगका कार्य गरिरहेका छन्।

# सरकारी निर्देशनको उल्लंघन गर्दै मधेशका उद्योगले पोल्न थाल्यो इँटा, नियमनकारी निकाय नै शंकाको घेरामा



सिरहा, २७ पुस। सरकारी निर्देशनको उल्लंघन गर्दै सिरहासहित मधेशका जिल्लामा सञ्चालित इँटा उद्योगले इँटा पोल्न थाल्दा पनि सरकोकार बाला निकायको मौनताले स्थानीय चकित भएका छन्। प्रतिवन्धित अवस्थामा नै उद्यागीहरुले इँटा पोलेको जानकारी गराउँदासमेत सरकोकारबाला निकायको मैनताले अचम्भीत भएका हुन्। घरेलु तथा साना उद्योग कार्यालय, लहान सिरहाले पछिल्ले पटक यहि पुस २० गते मन्त्रालयको निर्णय कार्यान्वयन गराउन भन्दै इँटा व्यसायी संघ तथा उद्योगहरुको नाममा पत्र लेखेको छ। पत्रमा 'इँटा उद्योगबाट हुने प्रदुषण न्यूनिकरण गर्न एवम् कामदारहरुको स्वास्थ्यलाईसमेत ध्यान दिई इँटा पोल्ने कार्य प्रत्यक वर्षको पुस मसान्त पछिमात्र  सुरु गर्न निर्णय भएकोले सोही बमाजिम इँटा पौलने कार्य गर्न जानकारी गराइन्छ।'

मन्त्रालय र घरेलु कार्यालयको पत्रको अवज्ञा गर्दै सिरहामा वालाजि ईट्टा उद्योग, बजरंग इँटा उद्योग राघोपुर मिर्चैया, हनुमान इँटा उद्योग, धनगढीमाई, वेलकम इँटा उद्योग पोखरभिण्डासहित करिव एक दर्जन इँटा उद्योगले पुस २० अगावै इँटा पोल्न सुरु गरेको छ। मधेश प्रदेशमा करिव एक सय इँटा उद्योगले पोल्ने कार्य गरिरहेको एक व्यसायीले नै बताए। उनले भने, 'अरु जिल्लाको तुलनामा सप्तरी र सिरहामा कमै उद्योग चलेको छ। अन्य जिल्लामा यो भन्दा धेरै उद्योगले पोल्ने काम सुरु गरिसकेको छ।'

ती व्यसायीले भने, 'यसमा व्यवसायीहले पनि हतारो नगर्नु पर्ने हो, तर राज्यका निकायहरुको ध्यान जानु पर्ने हो। गएको देखिएन। हामी व्यसायी त सँधै कसरी धेरै उत्पादन गर्ने भन्ने ध्याउन्नमा हुँन्छौं।' उनले थपे, 'यस विषयमा जिल्ला देखि प्रदेशका सवै प्रहरी, प्रशासन लगायतका सवै निकायलाई जानकारी छ। उहाँको मौनताले आशंका उत्पन्न गराएको छ।' यस सम्वन्धमा प्रतिकृयालिन जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारीलाई फोन सम्पर्क गरेपनि उनको फोन उठेन।

# स्रोत नखुलेको १० बढी नगदसहित एक युवक पक्राउ

सिरहा, २७ पुस। सिराहाको सीमा क्षेत्रबाट सशस्त्र प्रहरीले स्रोत नखुलेको १० लाखभन्दा बढी नगद रकमसहित एक युवकलाई नियन्त्रणमा लिएको छ सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म मुख्यालय ईनर्वा, सिरहाबाट खटिएको टोलीले आईतबार अपरान्ह भगवानपुर गाउँपालिका ४, ठाडीबाट चेकजाँच गर्ने क्रममा भारतबाट नेपालतर्फ आउँदै गरेको अवस्थामा भगवानपुर गाउँपालिका ३, मरिकटोलका २४ वर्षीय देवनाथ यादवलाई स्रोत नखुलेको १० लाख तीन हजार ९९० रुपियाँ नगदसहित नियन्त्रणमा लिएको हो।

चेकजाँचका क्रममा यादवको साथबाट स्रोत नखुलेको नेपाली रुपियाँ, साथमा उनले प्रयोग गरेको मोटरसाइकल र एक थान मोबाइल फोन बरामद गरेको छ। नियन्त्रणमा लिइएका व्यक्ति तथा बरामद नगद र सामग्रीहरू आवश्यक कारबाहीका लागि सम्बन्धित भन्सार कार्यालय बुझ्फाउने प्रक्रिया अगाडि बढाइएको सशस्त्र प्रहरीले जनाएको छ।

यस विषयमा सशस्त्र प्रहरी बल सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक नरेश भण्डारीले सीमा क्षेत्रमा अवैध रकम ओसारपसार नियन्त्रणका लागि निगरानी र सुरक्षा जाँचलाई थप कडाइ गरिएको जानकारी दिए। भारतीय बजारमा नेपाली ग्राहकले किनमेल गर्दा खर्चियको रकम अबैधरुपमा नेपाल भित्र्याउँदै आएको छ। नेपाली व्यवसायीहरुकै सहयोगमा ती रकम नेपालको बैंकमा जम्मा गर्ने र भारतमा एटीएमबाट झिक्ने गरेको व्यवसायीहरु बताउँछन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# मिथिलामा 'तिलासक्रायत' पर्वको चहलपहल



काठमाडौं, २७ पुस। मिथिलामा 'तिलासक्रायत' पर्वको चहलपहल बढ्दैछ। माघेसङ्क्रान्ति पर्वलाई मिथिलावासीले 'तिलासक्रायत' भन्ने गरिएको छ। दुईतीन दिनदेखि दिउँसोतिर हुस्सु फाटेर केहीबेर घाम देखिन थालेपछि मिथिलावासीहरु साप्ताहिक हटियाका दिन पर्वका सामानको खरिदबिक्रीको चहलपहल बढ्दै गएको छ। लगातारजस्तै बढेको बाक्लो हुस्सु कुहिरो दुईतीन दिनयता अपराहनपछि कम हुँदै गएकाले पर्वको तयारीमा लाग्न थोरै राहत मिलेको सर्वसाधारणले बताएका छन्। पर्वविशेषका खाद्यवस्तु सखरखण्ड, तरुल र माटोमुनि फल्ने मधेसको एकप्रकारको फल सुथुनी खन्न, बजार पुर्याएर बेच्न किसानलाई भ्याइनभ्याई छ।

आउने बिहीवार मनाइँने 'तिलासक्रायत' लाई मिथिलावासीले खानेपिउने रमाइलो पर्वका रुपमा मान्छन्। यस पर्वमा तील, चिउरा, भुजा र जुनेलो भुटेर सक्खरको खुँदोमा मिसाई लु बनाएर खाने ख्वाउने चलन छ। त्यसैगरी पर्वका दिन मासको दाल र चामलको खिचडीमा घिउ हालेर खाने मैथिल चलन छ। यसैबीच पश्चिम नेपालका तराई क्षेत्रमा बसोबास गर्ने थारू समुदायका बस्तीमा माघी पर्वको तयारी तीव्र रूपमा भइरहेको छ। थारू समुदायको ठूलो पर्व माघीका लागि पुरुषहरू मासुको जोहो गर्न गाउँगाउँ धाइरहेका छन् भने महिलालाई दुना, टपरी बनाउन भ्याइनभ्याइ छ।

पर्वको तयारीका क्रममा विशेषगरी अनडी धानको चामल, पीठोलगायत खाद्यान्नको जोहो गर्ने, दुनाटपरी गाँस्ने, दाउरा संकलन गर्ने, तोरीको तेल पेल्ने, घर लिपपोत तथा आँगन सरसफाइलगायतका काम भइरहेको छ। माघीमा विशेषगरी बंगुरको मासु, माछा, घोंगी, गङ्टोलगायत खानाका पकवान खाने चलन रही आएको छ। यस पर्वमा थारू समुदायका विभिन्न लोकसंस्कृति झल्किने एकल तथा सामूहिक नाचगान गरी रमाइलो गर्ने गरिन्छ। यस्तै, माघी मनाउन गाउँगाउँमा मेला तथा महोत्सवको आयोजना गर्ने तयारी पनि भइरहेका छन्।

# नेकपा एमालेले मधेसबाट क–कसलाई गर्‍यो उम्मेदवार सिफारिस ?

जनकपुरधाम, २७ पुस। आसन्न प्रतिनिधि सभाको निर्वाचनमा प्रत्यक्षतर्फ उम्मेदवारीका लागि नेकपा एमालेले मधेस प्रदेशका विभिन्न जिल्ला तथा निर्वाचन क्षेत्रबाट उम्मेदवार सिफारिस गरेको छ। प्रदेशका जिल्लाहरूबाट आएका सिफारिसलाई प्रदेश कमिटीमार्फत केन्द्रीय कार्यालयमा पठाइएको हो। एमाले मधेस प्रदेश कमिटीका महासचिव मनोज पौडेलका अनुसार विभिन्न निर्वाचन क्षेत्रबाट १५ जना उम्मेदवारको नाम एकल रूपमा सिफारिस गरिएको छ भने केही क्षेत्रबाट एकभन्दा बढी नाम सिफारिस भएका छन्। जिल्लाबाट आएका सिफारिसलाई जस्ताको त्यस्तै पठाए पनि प्रदेश कमिटीले ती नाममा आफ्नो राय तथा सुझावसमेत दिएको उनले जानकारी दिए।

**एकल सिफारिस भएका उम्मेदवारहरू**

मधेस प्रदेशका विभिन्न १५ निर्वाचन क्षेत्रबाट एमालेले एकल उम्मेदवार सिफारिस गरेको छ। एकल सिफारिस हुनेमा सप्तरी क्षेत्र नं.१ बाट सुमनराज प्याकुरेल, सप्तरी क्षेत्र नं. ३ बाट ताराकान्त चौधरी, सिरहा क्षेत्र नं. ३ बाट लीलानाथ श्रेष्ठ र ४ बाट बिल्टु साह छन्। यस्तै धनुषा क्षेत्र नं. २ बाट उमाशंकर अरगरिया, धनुषा क्षेत्र नं. ३ बाट जुलीकुमारी महतो, धनुषा क्षेत्र नं. ४ बाट रघुवीर महासेठ पनि एकल सिफारिस भएका छन्। महोत्तरी क्षेत्र नं.१ बाट लक्ष्मी महतो कोइरी, क्षेत्र नं. २ बाट रामपरीक्षण यादव, क्षेत्र नं. ४ बाट सरोजकुमार यादव, सर्लाही क्षेत्र नं. १ बाट मनोजकुमार देवकोटा, क्षेत्र नं. २ बाट धर्मेन्द्र राय, क्षेत्र नं. ३ बाट हरिप्रसाद उप्रेती, रौतहट क्षेत्र नं. १ बाट अजयकुमार गुप्ता तथा रौतहट क्षेत्र नं. ३ बाट कुन्दन साहको नाम एकल सिफारिस गरिएको एमाले मधेस प्रदेश कमिटीले जनाएको छ।

**एकभन्दा बढी नाम सिफारिस भएका क्षेत्र**

सप्तरी क्षेत्र नं. २ बाट देवनाथ यादव, राजाराम यादव र प्रतिमा कुमारी देवको नाम उम्मेदवारका रूपमा सिफारिस गरिएको छ। सप्तरी क्षेत्र नं. ४ बाट बालकृष्ण चौधरी, गंगा प्रसाद चौधरी र राधादेवी ठाकुर सिफारिसमा परेका छन्।

यसैगरी सिरहा क्षेत्र नं. १ बाट रामशंकर यादव र केदारनाथ यादव, सिरहा क्षेत्र नं. २ बाट नवीनकुमार यादव, दिपेन्द्र महतो र निर्मला बास्तोलाको नाम पनि सिफारिस सूचीमा छ। धनुषा क्षेत्र नं. १ बाट जुलीकुमारी महतो, सविता यादव, रामचन्द्र मण्डल(मधेस प्रदेश सभाका पूर्वसभामुख), राजकिशोर यादव र रामसिंह यादवको नाम सिफारिस गरिएको छ। महोत्तरी क्षेत्र नं. ३ बाट एमालेले रामआधार कापर र मनोजकुमार सिंहको नाम सिफारिस गरेको छ। यस्तै, सर्लाही क्षेत्र नं. २ बाट रामचरित्र सहनी, मोदन साह र आनन्दी कुमारी पोखरेल सिफारिस भएका छन्।

रौतहट क्षेत्र नं. २ बाट शैलेन्द्र साह, अबुल कलाम आजाद, अतिउल्लाह र मनोज यादव तथा रौतहट क्षेत्र नं. ४ बाट उद्धव रेग्मी, आरती भण्डारी र रामजी साह सिफारिस सूचीमा छन्।

बारा क्षेत्र नं. १ बाट अच्युतप्रसाद मैनाली, पुरुषोत्तम पौडेल, धनमाया चौधरी, थानेश्वर सापकोटा, पुरन्देव चौधरी, सुदामा देवी राम, त्रिलोकी प्रसाद चौधरीको नाम सिफारिस भएको छ। क्षेत्र नं २ बाट बलवीरप्रसाद चौधरी, अमदेवप्रसाद यादव, मख्खन पासवान, सतपाल यादव, राजेशप्रसाद साह, कौशलकिशोर सिंह, गौरीशंकरप्रसाद यादव, सहपतिदेवी हुसादिनको नाम सिफारिस भएको छ।

यस्तै बारा क्षेत्र नं ३ बाट अध्यायज नन्द पाण्डे, एम. समी उल्लाह, सीमा ठाकुर, ज्वाला कुमारी साह, गायत्री देवी, सीता सुवेदी, टिना सुवेदी, रविन्द्र दास वनिया र फुलेना राउत आहतको नाम पठाएको छ। बारा क्षेत्र नं ४ बाट अमर यादव, कृष्ण कुमार श्रेष्ठ 'किसान' र सीता गुरुङको नाम सिफारिस गरी पठाएको छ।

त्यसैगरी पर्सा जिल्लाको क्षेत्र नं. १ बाट प्रभु हजारा, नवराज शर्मा, इन्दु घिमिरे र सुन्दरप्रसाद कुर्मी, क्षेत्र नं २ बाट राजकुमार गुप्ता, अरविन्द सिंह, क्षेत्र नं ३ बाट प्रमोद जयसवाल र राजकुमार गुप्ता, क्षेत्र ४ बाट जालिम मिया, वीरेन्द्रप्रसाद यादव र गोकली कुमारी रेग्मी सिफारिस भएका छन्। प्रदेश कमिटी महासचिव पौडेलका अनुसार जिल्ला तथा प्रदेशबाट आएका सबै नाम राय–सल्लाह र सुझावसहित केन्द्रीय कार्यालयमा पठाइसकिएको छ। 'उम्मेदवारबारे अन्तिम निर्णय पार्टी केन्द्रीय कार्यालयले गर्नेछ,' उनले भने।

# समानुपातिक उम्मेदवारले सोमबार नाम फिर्ता लिन सक्ने

काठमाडौं, २७ पुस। २०८२ साल फागुन २१ मा सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सामानुपातिकको बन्दसूचीमा समावेश भएका उम्मेदवारले सोमबार नाम फिर्ता लिन सक्ने भएको छ। २०८२ पुस १३ र १४ गते पेस भएको बन्दसूचीका सम्बन्धमा निर्वाचन आयोगबाट स्वीकृत कार्यक्रम अनुसार पुस २८ गते सोमबार बिहान १० बजेदेखि अपरान्ह ४ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिन सक्नेछन्।

समानुपातिक निर्वाचन प्रणालीका निर्वाचन अधिकृत कृष्णबहादुर राउतले जारी गरेको सूचनामा समानुपातिक निर्वाचन अधिकृतको कार्यालयमा आफै वा आफ्ना वारेसमार्फत नाम फिर्ता लिनसकिने उल्लेख गरिएको छ। प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०८२ को अनुसूची १८ बमोजिमको ढाँचामा निवेदन दिन सकिने र कुनै कारणवश सम्बन्धित उम्मेदवार उपस्थित हुन नसक्ने भएमा वारेसमार्फत नाम फिर्ता लिनका लागि निवेदन दिन सकिने जानकारी गराइएको आयोगले जनाएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)